नेपाल सरकार

# भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

प्रेस विज्ञप्ती

मिति २०८१।०६।११ गते देखि परेको अविरल वर्षातका कारण देश भरीका ८० वटा राष्ट्रिय राजमार्गहरु मध्ये २३ वटा राजमार्गहरुका विभिन्न ६४ स्थानमा राजमार्गहरु अवरुद्ध भएका छन। देशको राजधानी जोड्ने लाइफ लाइनका रुपमा रहेको मुख्य राजमार्ग नागढुङ्गा नौबिसे मुग्लिन सडकको धादिङ्गको कमेरे, मलेखु, सितलाबजार लगायतका स्थानका अबरोध हटाई सवारी आवागमन सञ्चालनमा आएको जानकारी गराइन्छ। नागढुङ्गा सुरुङ्ग मार्गको पश्चिम पोर्टल तर्फ रोकिएका यात्रुवाहक तथा मालवाहक सवारीसाधानहरुलाई निर्माणाधिन सुरुङ्गमार्गको सुरुङ्ग प्रयोग गरी काठमाडौं भित्र्याउने कार्यमा सहजीकरण गरिएको छ। मुग्लिन पोखरा सडकखण्ड तथा मलेखु मुग्लिन नारायणघाट सडकखण्डका पहिरोहरु पन्छाई सडक सुचारु अवस्थामा राखिएको छ। बि. पि. राजमार्गको भुरुङ्गे, माथिल्लो सिस्नेरी, माम्ती, नेपालथोक, मङ्गलटार लगायतका विविन्न स्थानमा भएका अवरोधलाई हटाउने प्रयास भइरहेको छ। पुष्पलाल मध्यपहाडी राजमार्गको सिन्धुलीको रिट्ठावोट, फिक्कल, कुखुरेटार र खोटाङ्गको खोक्सेली लयायतका स्थानमा भएको अवरोधलाई छिट्टै खुलाउने तर्फ प्रयत्न भइरहेको छ। यसका अलावा कान्तिराजमार्ग, त्रिभुवन राजपथ, अरनिको राजमार्ग, मिर्चैया कटारी घुर्मी, शहिद मार्ग रोल्पा, भेरी कोरिडोर, सालझण्डी सन्धीखर्क लगायतका सडकका विभिन्न स्थानमा आएका पहिरोलाई हटाई छिट्टै यातायात सुचारु गर्ने तर्फ भर मग्दुर प्रयास भइरहेको छ।

साथै मेची राजमार्गको हेवा खोलाको वेलिबृज र अरनिको राजमार्गको लार्चा स्थित वेलिबृज पुर्ण रुपमा वगाई आवागमन अवरुद्ध भएको छ। दोलखा र रामेछाप जिल्लालाई तराईका जिल्ला संग जोड्ने लाइफ लाइनको रुपमा रहेको खुर्कोट स्थित सुनकोशी नदी पुलको बाँयातर्फको स्पान पुर्ण रुपमा क्षती भएको छ। क्षती भएका उल्लेखित स्थानमा यथाशक्य छिटो वेलिबृज जडान गरी यातायात सुचारु गर्ने प्रयत्न गरिने छ ।

राष्ट्रिय राजमार्गमा भएका अवरोधहरु हटाउने कार्यमा सडक विभागका हेभि मेशिन तथा जनशक्तीहरु पुर्ण क्षमतामा परिचालन गर्ने तथा नपुग मेशिनहरु भाडामा समेत लिई छिटो भन्दा छिटो अवरुद्ध राजमार्गहरु खुलाउन भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र सडक विभाग अहोरात्र खटिइरहेको व्यहोरा समेत जानकारी गराउदछौं । सर्वसाधारणहरुले अवरुद्ध राजमार्गहरुको विवरण सडक विभागको वेवसाइट www.dor.gov.np/road status मा गइ हेर्न सक्ने हुँदा विभागको वेवसाइट तथा नजिकको सडक कार्यालय, जिल्ला प्रशासन कार्यालय, जिल्ला स्थित सुरक्षा निकाय, ट्राफिक प्रहरी आदिबाट विस्तृत रुपमा बुझेर मात्र यात्रा गर्न हुन सर्वसाधारणमा अपिल गर्दछौं । यात्रुहरूको सुरक्षालाई प्राथमिकता दिंदै. मन्त्रालयले प्रभावकारी सूचना प्रवाह र सडक मर्मतसम्भारको लागि समन्वय गर्दै जाने प्रतिबद्धता जनाउन चाहन्छ । यस कठिन घडिमा सबै सरोकारवाला पक्षहरुबाट भएको सहयोग र सहकार्य प्रति आभार ब्यक्त गर्दै निरन्तरताको अपेक्षा गर्दछ ।

२०८१।०६।१२

प्रवक्ता/सहसचिव